वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : १८ मिति: २०८२/०२/२०

भाग : २

## पदाधिकारी उपचारका लागि आर्थिक सहयोग गर्ने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:**

वीरेन्द्रनगर नगरपालिकाका पदाधिकारी सरकारी काममा खटिँदा आकस्मिक दुर्घटनामा परी उपचार गर्नुपर्ने भएमा वा जटिल प्रकारका रोग लागि सोको उपचार वा शल्यक्रिया गर्नुपर्ने भएमा औषधि उपचार गर्नका लागि नगरपालिकाको आन्तरिक स्रोतबाट खर्च हुने गरी आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधि नाम "पदाधिकारीलाई औषधि उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आकस्मिक दुर्घटना" भन्नाले सरकारी कामको सिलसिलामा खटिँदा सवारी वा अन्य किसिमको दुर्घटनालाई सम्झनु पर्दछ।

(ख) "औषधी उपचार खर्च" भन्नाले यस वीरेन्द्रनगर नगरपालिकाका पदाधिकारीलाई आकस्मिक दुर्घटना वा जटिल प्रकारको रोग लाग्दा उपलब्ध गराइने औषधि उपचार खर्चलाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "जटिल प्रकारका रोग" भन्नाले अनुसूची-२ बमोजिमका रोगलाई सम्झनु पर्दछ।

(ङ) "पदाधिकारी" भन्नाले वीरेन्द्रनगर नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ र सो शब्दले वडा सदस्य समेतलाई जनाउँछ।

(च) "प्रमुख" भन्नाले वीरेन्द्रनगर नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## आवेदन र रोगको निदान

**३. निवेदन दिनुपर्ने:**

(१) नगरपालिकाका पदाधिकारीले आफूलाई दफा २ को उपदफा (घ) बमोजिम जटिल प्रकारको रोग लागि बिरामी भएमा वा दफा २ को उपदफा (क) बमोजिम आकस्मिक दुर्घटनामा परी उपचार वा शल्यक्रिया गर्नुपर्ने भएमा आर्थिक सहयोगका लागि अनुसूची-१ बमोजिमको ढाँचामा प्रमुख समक्ष निवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा रोगको निदान गरेको सम्बन्धित चिकित्सकको सिफारिस र उपचार गरेको सम्बन्धित अस्पतालबाट प्रमाण खुल्ने कागजात पेस गर्नुपर्नेछ।

(३) आकस्मिक दुर्घटना भएकोमा दुर्घटना भएको मितिले १५ (पन्ध्र) दिनभित्र र जटिल प्रकारको रोग लागेको भएमा चिकित्सकले निदान गरेको ३ (तीन) महिनाभित्र निवेदन दिइसक्नुपर्ने छ।

## परिच्छेद-३
## सिफारिस समिति

**४. सिफारिस समितिको गठन:**

(१) पदाधिकारीलाई औषधि उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यपालिकामा सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहने छ।

(क) प्रमुख - संयोजक



(ख) उप प्रमुख - सदस्य

(ग) सुशासन समितिको संयोजक - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) महिला बालबालिका अस्पतालमा कार्यरत चिकित्सक - सदस्य

(छ) जनस्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

**५. सिफारिस समितिको काम, कर्तव्य र अधिकार:** सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ,

(क) दफा ३ को उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर अध्ययन र छलफल गर्ने।

(ख) उपचार खर्चका लागि पदाधिकारीले पेस गरेको चिकित्सकले रोगको निदान गरेको सिफारिस, उपचार गरेको अस्पतालको कागजात जाँचबुझ गर्ने।

(ग) दुर्घटना र रोगको गाम्भिर्यता हेरी उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउन कार्यपालिकामा सिफारिस गर्ने।

(घ) सिफारिस समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४
## आर्थिक सहयोग एकिन तथा भुक्तानी

**६. आर्थिक सहयोगको रकम एकिन गर्ने:**

(१) सिफारिस समितिको सिफारिसमा कार्यपालिकाले औषधि उपचारका लागि आर्थिक सहयोग दिने वा नदिने सम्बन्धमा निर्णय गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले औषधी उपचारका लागि आर्थिक सहयोग दिने भएमा सहयोग बापत उपलब्ध गराईने रकम एकिन गर्नुपर्ने छ।

(३) सामान्यतया विदेशमा गरिने उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराइने छैन तर नेपालमा उपचार सम्भव नहुने भनी प्रमाणसहित निवेदन पेस गरेमा कार्यपालिकाले आवश्यक निर्णय गरी उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) एक जना पदाधिकारीले बढीमा एकपटक मात्र औषधि उपचारका लागि आर्थिक सहयोग पाउने छ, तर फरक रोगको उपचार गराउनु परेमा वढिमा दुई पटकसम्म आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

(५) अस्पताल वा चिकित्सकको सिफारिस बाहेक व्यक्तिगत रुपमा खरिद गरिएको औषधि तथा उपकरणमा भएको खर्चमा आर्थिक सहयोग उपलब्ध गराइने छैन।

(६) औषधि उपचार वा शल्यक्रिया बाहेकका यातायात खर्च, विरामी कुरुवाले गर्ने खर्च, खाना वा बास खर्च जस्ता अन्य कुनैपनि विषयमा भएको खर्चमा आर्थिक सहयोग उपलब्ध गराईने छैन।

(७) सिफारिस समितिले रोगको प्रकृति हेरी अधिकतम रु ५,००,०००।- (अक्षरूपी पाँच लाख रुपैयाँ) सम्म उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउन कार्यपलिका समक्ष सिफारिस गर्न सक्ने छ।

**७. भुक्तानी सम्बन्धमा:**

(१) नगर कार्यपालिकाद्वारा औषधि उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएपछि निजले पेस गरेको विलभरपाई लगायतका कागजातको आधारमा रकम भुक्तानी गरिने छ।

(२) उपदफा (१) बमोजिम भुक्तानी गर्दा रकम बैङ्क खाता मार्फत भुक्तानी गरिने छ।

(३) उपचार गराउँदा सम्भव भएसम्म सरकारी अस्पतालमा गराउनु पर्नेछ र अनावश्यक परीक्षण वा महँगो अस्पताल रोजेको प्रमाणित भएमा कार्यपालिकाले आर्थिक सहयोगमा कटौती गर्न सक्नेछ।

(४) कार्यपालिकाबाट भएको निर्णय बमोजिमको आर्थिक सहयोगको रकम बिरामीले एकैपटक वा पटक, पटक गरी भुक्तानी लिन सक्ने छ।

## परिच्छेद-५
## विविध

**८. खारेजी र बचाऊ:**

(१) आवश्यकता अनुसार यो कार्यविधि कार्यपालिकाले संशोधन गर्न सक्ने छ।

(२) यस अघि कार्यपालिकाले निर्णय गरी उपचारको लागि उपलब्ध गराएको आर्थिक सहयोग यसै कार्यविधि बमोजिम भएको मानिनेछ।



## अनुसूची-१
( दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## औषधि उपचारका लागि आर्थिक सहयोग पाऊँ भनी पेश गर्ने निवेदनको ढाँचा

मिति:-

**विषय:** औषधी उपचारका लागि आर्थिक सहयोग पाउँ भन्ने सम्बन्धमा।

श्रीमान् प्रमुख ज्यू,
वीरेन्द्रनगर नगरपालिका, सुर्खेत।

महोदय,

......................प्रदेश ......................जिल्ला ........................... नगरपालिका वडा नं ........ गाऊँ/ टोल ............. स्थायी ठेगाना भएको .......... वर्षको राष्ट्रिय परिचयपत्र नं. नागरिकता प्रमाण-पत्र नं............ भएको ............................ को नाति/नातिनी, ............................ को छोरा/छोरी यस वीरेन्द्रनगर नगरपालिकाको ............................ पदमा कार्यरत म ................ ................. मिति ......................... गतेदेखि ............... रोगलागि बिरामी भएको/आकस्मिक दुर्घटनामा परी विरामी भएको हुँदा उपचार र शल्यक्रिया गर्नु पर्ने परेकोले ............... ................................... मा उपचार गराएको प्रमाण खुल्ने सम्पूर्ण आवश्यक कागजात सहित उपचारका लागि आर्थिक सहयोग पाउँ भनी श्रीमान् समक्ष निवेदन पेस गरेको छु।
पेस भएको ब्यहोरा ठिक साँचो हो, झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला।

निवेदक :
हस्ताक्षर :
नाम थर :
पद :
बैङ्क खाता नं.
सम्पर्क नं.:

अनुसूची-२

(दफा २ को (घ) सँग सम्बन्धित)

**<u>जटिल प्रकारका रोग:</u>**

. मुटु रोग
. मृगौला रोग
. क्यान्सर
. पार्किन्सन्स
. अल्जाईमर
. हेड ईन्जुरी
. स्पाईनल ईन्जुरी
. सिकलसेल एनिमिया

आज्ञाले,

**लक्ष्मी प्रसाद बास्कोटा**

प्रमुख प्रशासकीय अधिकृत

दाधिकारीलाई औषधि उपचारका लागि आर्थिक सहयोग उपलब्ध गराउनेसम्बन्धी
कार्यविधि, २०८२, मुल्य रू.५।-